त्रिभुवन विश्वविद्यालय
**शिक्षाशास्त्र संकाय**
**परीक्षा नियन्त्रण महाशाखा**
बल्खु, काठमाडौं, नेपाल

**मितिः २०८१।८।२**

## स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) चौथो र सातौं सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित **स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) चौथो र सातौं सेमेस्टरको** यही २०८१ साल पौष महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुको परीक्षा आवेदन फारम अनलाइन (Online) मार्फत यही २०८१ साल मंसिर २१ गतेसम्म भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको म्यादभित्र परीक्षा आवेदन फाराम भर्न छूट हुने विद्यार्थीहरुले यही २०८१ साल मंसिर २२ गतेदेखि २८ गतेसम्म दोब्बर शुल्क तिरी परीक्षा आवेदन फाराम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पसले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा आवेदन फारम वापत संकलित रकम एकल दस्तुरको हकमा यही २०८१ साल मंसिर २२ गते तथा दोब्बर दस्तुरको हकमा यही २०८१ साल मंसिर २९ गते सम्ममा बैंक दाखिला गरी यही २०८१ साल मंसिर २९ गतेसम्म अनलाईन परीक्षा आवेदन फाराम रुजु गरी प्रमाणित (Verify) गर्नुपर्नेछ ।

**पुनश्चः**

- यस संकायको वेभसाइटः tufoe.edu.np मा गई नियमित तथा आंशिक विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ । भौतिक फाराम यस संकायको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- सम्बन्धित क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको भौतिक फाराममा तोकिएको ठाउँमा प्रविष्ट गरी यही २०८१ साल पौष ५ गतेसम्म डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ । साथै परीक्षा आवेदन शुल्क डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पनि भौतिक परीक्षा फाराम साथै ल्याउनु पर्नेछ र डीन कार्यालयको लेखा शाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फारम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन